राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३११ २०८२ असार २३ गते सोमवार (7 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## योजना चिठी पाउनु अघि नै बिक्री भयो : साँसद खातुन

### पूर्वाधार कार्यालयको प्रमुखमाथि कारवाहीको माँग

दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । मधेश प्रदेशसभा सांसद हसिना खातुनले आफूलाई संसदिय विकास कोषअन्तर्गत प्रदान गरिएको योजनाको चिठी प्राप्त गर्नु अघि नै योजना बिक्री भइसकेको गम्भीर आरोप लगाएकी छन् ।

आईतवार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा सांसद खातुनले भनिन्, "मुख्यमन्त्रीको कार्यालयबाट दुई दिनअघि मात्रै योजना चिठी प्राप्त गरें । सो चिठी लिएर योजना स्थलमा पुग्दा योजनाको कार्य सम्पन्न भइसकेको देखेर म छक्क परें ।"

उनले पूर्वाधार विकास कार्यालय, सर्लाहीका कार्यालय प्रमुख विजय कुमार यादवमाथि योजनाबारे कुनै जानकारी नदिई चुपचाप बिक्री गरेको आरोप लगाएकी हुन् ।

सांसद खातुनका अनुसार सर्लाहीको गोडैता नगरपालिका( १० स्थित सिसोटिया झगरु चौकदेखि सुन्दरपुर जाने सडक स्तरोन्नतिको लागि ३५ लाख रुपैयाँ बजेट स्वीकृत भएको योजना उपभोक्ता समितिमार्फत सञ्चालन गरिने भनिएको थियो । सो समितिको गठनका लागि आफू कार्यालय पुगेको तर योजना पहिले नै सम्पन्न भइसकेको सूचना पाएपछि स्तब्ध भएको बताइन् ।



"मैले योजना बिक्रीको विषयमा कार्यालय प्रमुख यादवसँग सोध्दा भेटेर कुरा गरौं भनेका थिए, तर पछि सम्पर्कमै आउनुभएन," खातुनले भनिन्, "सांसद विकास कोषअन्तर्गतको योजना कसरी बिना सांसदको जानकारी र प्रक्रिया बिक्री गर्न सकिन्छ ?"

खातुनले प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई समेत यसबारे जानकारी गराएको र मुख्यमन्त्रीले सांसदको सहमति विना योजना सञ्चालन गर्न नहुने निर्देशन दिइसकेको बताउँदै पनि योजना बिक्री हुनु आपत्तिजनक रहेको टिप्पणी गरिन् ।

यस्तै, उनले आफ्नो पार्टी जनमतका संसदीय दलका नेता महेश यादवलाई पनि योजना बिक्री बारेमा जानकारी गराएको बताइन् । नेता यादवले यस विषयमा स्थानीय जनतालाई सत्य तथ्य जानकारी गराउन र कानुनी प्रक्रिया अघि बढाउन सुझाएका छन् ।

"मेरो सिफारिसमा रहेका पाँच योजनामध्ये तीनवटा सफलतापूर्वक सम्पन्न भएका छन् । एउटाको चिठी पाएपनि योजना नै बिक्री भई सकेको थाहा भएभयो । अर्को ३० लाखको योजना लालबन्दी वडा नं. १ मा परेको थियो । त्यसको चिठी पनि पाउन सकन, योजनाको कार्य सम्पन्न भई सकेको उनले आरोप लगाइन ।

सांसद हसिना खातुन सर्लाही क्षेत्र नं. १ बाट जनमत पार्टीकी प्रदेशसभा सदस्य हुन् । यसअघि पनि प्रदेश सांसद सरोज सिंह कुशवाहामाथि योजना बिक्रीको आरोप लागिसकेको छ र सो सम्बन्धमा अख्तियारमा उजुरी परेपछि निलम्बित भएका छन् ।

## बजेट असमानतामा प्रदेशसभा अबरुद्ध



दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । मधेश प्रदेशसभाको बैठक विपक्षी दलहरूले बजेटमा गम्भीर असमानता र बिचौलिया प्रभाव रहेको आरोप लगाउँदै अवरुद्ध गरेका छन्। उनीहरूले बजेट पुनर्लेखन नभएसम्म सदन नचल्ने चेतावनी दिएका छन्।

१० दिनपछि आइतबार बसेको प्रदेशसभा बैठक सुरु भएलगत्तै नेकपा (एकीकृत समाजवादी) का सांसद कनिष पटेलले बजेटमा गम्भीर असमानता रहेको र स्वयं सत्ता पक्षका नेताहरूले समेत बिचौलियाको संलग्नता स्वीकार गरिसकेको भन्दै पुनर्लेखनको माग गरे।

"सरकार सञ्चालन गरिरहेको जनमत पार्टीका अध्यक्ष डा. सिके राउत र अन्य सांसदहरूले समेत बिचौलियाको प्रवेश स्वीकार गरिसकेका छन्," पटेलले भने, "पुनर्लेखन नभएसम्म सदन चल्न दिइने छैन।"

नेकपा (माओवादी केन्द्र) का उपनेता युवराज भट्टराईले बजेट सीमित क्षेत्रका लागि लक्षित गरिएको, पाँच लाखसम्मका साना-साना योजनाको भरमा बनाइएको भन्दै असन्तुष्टि जनाए। उनले पनि बजेट पुनर्लेखनबाहेक विकल्प नभएको बताए।

"सीमित क्षेत्रमा मात्र बजेटको ओइरो छ," भट्टराईले भने, "यसरी बनाइएको बजेटले समग्र प्रदेशलाई सम्बोधन गर्न सक्दैन।"

प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा नेपाल) का प्रमुख सचेतक रामअशिष यादवले बजेटलाई जनताले निराशापूर्वक हेरेको टिप्पणी गरे। उनले बजेटमा पुराना योजनाहरूको नाम दोहोर्याएर रकम विनियोजन गरिएको आरोप लगाए।

"२० वर्षअघिका भुक्तानीका

बाँकी पृष्ठ ३मा

## तस्करी नियन्त्रणको नाममा सर्वसाधारणमाथि दमन : मेयर दास

दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । विदेह नगरपालिका-२ स्थित दुहबी क्षेत्रमा तस्करी नियन्त्रणको नाममा सर्वसाधारणमाथि प्रहरीले गरेको दमनप्रति विदेह नगरपालिकाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।



२०७२ असार १९ गते राति नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले तस्करी नियन्त्रणको बहानामा स्थानीय नागरिकमाथि आक्रामक व्यवहार गरेको भन्दै नगरपालिकाले कडा आपत्ति जनाएको हो। घटनाका क्रममा करिब १३ राउण्ड आँसु ग्यास प्रहार र गोली प्रहार गरिएको, जसले सर्वसाधारणमा त्रास फैलाएको तथा जनधनको क्षतिको सम्भावना उत्पन्न भएको जनाइएको छ।


नगरप्रमुख बेचन दासद्वारा हस्ताक्षरित विज्ञप्तिमा सशस्त्र प्रहरीको गस्ती दशगज्जा क्षेत्रभन्दा एक किलोमिटर उत्तरसम्म आइपुगेको र विशेषतः गरिब तथा दलित समुदायका नागरिकमाथि खेतबारी तथा बाटोमै कुटपिट गरिएको दाबी गरिएको छ।

"हाम्रो नगरका धेरै नागरिक विवाह, ब्रतबन्ध तथा श्राद्धजस्ता पारिवारिक कार्यका लागि भारतबाट सस्तो मूल्यमा सामग्री खरिद गर्छन्। तर, सुरक्षा निकायको कठोर व्यवहारले उनीहरूमा भय र असहजता फैलिएको छ," विज्ञप्तिमा उल्लेख छ।

नगरपालिकाका अनुसार प्रहरीद्वारा सर्वसाधारणका घरमा पटक-पटक छापा मारिए पनि कुनै अवैध वस्तु फेला नपरेको हुँदा यस्ता गतिविधि नागरिकलाई दुःख दिने नियतसहित गरिएको देखिन्छ।

विदेह नगरपालिकाले यस्ता घटना दोहोरिन नदिन सम्बन्धित सुरक्षा निकायहरूलाई जिम्मेवार र संवेदनशील बन्न आग्रह गरेको छ। साथै, स्थानीय तथा राष्ट्रिय सुरक्षा संयन्त्रहरूसँग समन्वय गर्दै नगरको शान्ति र सुरक्षालाई मजबुत बनाउने प्रतिबद्धता पनि व्यक्त गरेको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# पत्रकारिताको मर्यादा र स्वतन्त्रता सुनिश्चित गरौं

महोत्तरीको भंगहा नगरपालिकामा नेपाल पत्रकार महासंघ मधेश प्रदेश कार्यालय उद्घाटनका क्रममा व्यक्त भएका भनाइहरूले हालको पत्रकारिताको चुनौती र सम्भावनाबीचको द्वन्द्वलाई स्पष्ट झल्काउँछन् । कार्यक्रममा सहभागी वक्ताहरूको साझा चिन्ता पत्रकारिताको विश्वसनीयता, स्वतन्त्रता र मर्यादाका सवालमा केन्द्रित थियो। विशेष गरी भंगहा नगरपालिकाका मेयर संजीव कुमार साहको भनाइ, "व्यक्तिगत इगो वा रिसीवीका आधारमा समाचार नलेख्न आग्रह" गर्नु, एक सतर्कता र चेतावनी दुवै हो(जो पत्रकारिता जगतले आत्मसात् गर्नुपर्नेछ।

पत्रकारिता लोकतन्त्रको मेरुदण्ड हो भन्ने सर्वमान्य भनाइ हो। तर, जब पत्रकार स्वयं पूर्वाग्रही ढंगले लेखनमा संलग्न हुन्छन्, तब त्यसले पत्रकारितामाथिको जनविश्वासलाई कमजोर बनाउँछ। पत्रकारको लेखनीले समाजमा चेतना, जिम्मेवारी र पारदर्शिता ल्याउने अपेक्षा गरिन्छ। तर यो दायित्व सत्ता र प्रतिपक्ष दुबै पक्षका लागि निष्पक्षरूपमा पूरा गरिनुपर्छ। त्यसैले, मेयर साहको आग्रहलाई आलोचना नभई पत्रकारिता पेसाको स्वशुद्धीकरणतर्फको संकेतका रूपमा लिनुपर्छ।

त्यस्तै, नेपाल पत्रकार महासंघका केन्द्रीय पदाधिकारीहरूको अभिव्यक्तिहरूले राज्यसत्ताको पत्रकारिता प्रतिको दृष्टिकोणमाथि गम्भीर प्रश्न उठाएका छन्। बजेटका नाममा केन्द्रीय मिडिया मात्र प्राथमिकतामा पर्नु, लोककल्याणकारी विज्ञापनमा कटौती, तथा मन्त्रीहरूमैतिको असंवेदनशील टिप्पणीले प्रदेशमा पत्रकारिताको स्वतन्त्रता खुम्चिदै गएको बोध हुन्छ। संघीय प्रणालीमा प्रदेशस्तरीय पत्रकारिता अझ सशक्त, जिम्मेवार र जनमुखी हुनुपर्नेमा उल्टै उपेक्षा हुनु गम्भीर विषय हो।

कार्यक्रममा सुरक्षा निकाय प्रमुखहरूले पत्रकारको सुरक्षाका लागि प्रतिबद्धता जनाउनु सकारात्मक पहल हो। आजको सन्दर्भमा पत्रकारहरू न केवल तथ्य उजागर गर्ने माध्यम हुन्, उनीहरू लोकतन्त्रका चौथो खम्बाका सिपाही हुन्। उनीहरूको सुरक्षाको सुनिश्चितता नभएसम्म स्वतन्त्र पत्रकारिता असम्भव छ।

यसबाहेक, रामभरत साह(कनक लता उत्कृष्ट पत्रकारिता पुरस्कारको घोषणा, पत्रकारलाई सम्मानित गर्ने संस्कृतिको एउटा प्रेरणादायी अभ्यास हो। यस्तो प्रयासले पत्रकारहरूलाई थप जिम्मेवार र नैतिक रूपमा लेखन गर्न प्रेरित गर्नेछ।

अन्ततः, पत्रकारिता न त राज्यको प्रचारको साधन हुनसक्छ, न त व्यक्तिगत हिसाबकिताब चुक्त्याउने अस्त्र। पत्रकारले कलम चलाउँदा सत्य, तथ्य र निष्पक्षताको मापदण्ड सधैं प्राथमिकतामा राख्नुपर्छ। त्यसैगरी, राज्यले पनि पत्रकारको स्वतन्त्रता, सुरक्षाको प्रत्याभूति गर्नुपर्छ। यी दुबै पक्षको संयम, समझदारी र सहकार्यबाट मात्र लोकतन्त्र बलियो हुन्छ र समाज सशक्त बन्छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# असुरक्षित सडक, चालकलाई मात्र 'दोष'



आशिष गजुरेल

सडक दुर्घटनासम्बन्धी तथ्याङ्कमा हाम्रोमा ठूलो समस्या देख्छु । विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार नेपालमा वार्षिक सरदर ८ हजार ५ सय मानिसले सडक दुर्घटनामा ज्यान गुमाउँछन् । नेपाल सरकारको तथ्याङ्क हेर्दा ३ हजार भनेको हुन्छ । सधैँ जसो तथ्याङ्क एउटै हुन्छ । अब यति फरक किन हुन्छ? झन्डै ५ हजार ५ सयको फरक कसरी भयो त ? कि नेपाल सरकारले त्यो तथ्याङ्कलाई अपनत्व लिनुपर्छ नभए, यो होइन भनेर विश्व स्वास्थ्य सङ्गठनलाई भन्न सक्नुपर्छ । दुवै कुरा भन्न नसक्दा हामी गलत तथ्याङ्कमा काम गरिरहेका छौँ । गलत तथ्याङ्कबाट कुन हिसाबले दुर्घटना भइरहेको छ र यसलाई रोकथाम कसरी गर्ने भनेर निष्कर्षमा पुग्न सकिँदैन ।

तथ्याङ्कमा हेर्दा वर्षायाममा बढी दुर्घटना भएको देख्छौँ । त्यसका तीन-चारवटा कारणहरू छन् । सडक सुरक्षा भनेको सिस्टम अप्रोच हो । त्यसमा एउटा मात्र कारक हुँदैन । त्यसमा सडक पूर्वाधार हुन्छ, त्यहाँ गुड्ने सवारी साधन हुन्छन्, त्यसपछि सडक प्रयोगकर्ता । सडक प्रयोगकर्तामा हामीले चालक मात्र सम्झिन्छौँ, त्यो गलत हो । चालक, यात्रु, निजी सवारी साधनका चालक, साइकल चालक र पैदलयात्री सबै सडक प्रयोगकर्ता हुन् ।

हाम्रो सडक प्रयोगकर्तामा ज्ञान, सीपको पनि कमी छ, शिक्षाको पनि कमी छ र अनुशासनहीनता छ । अनुशासन त छँदै छैन । सडकमा अराजकता झल्किन्छ ।

हामी प्रविधिमैत्री छैनौँ । प्रविधिको प्रयोग गर्न नसक्दा दुर्घटना भइरहेको छ । अनि, भएको नियम कानुन पनि हामीले लागू गर्न सकेका छैनौँ । जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिएको छैन । कारबाहीलाई पनि प्रभावकारी रूपमा अघि बढाउन सकेका छैनौँ । यस्तै कारणहरूले गर्दाखेरि सडक दुर्घटना हुने हो । वर्षामा दुर्घटना किन बढ्छ भने, हाम्रो सडक विभागले हेर्ने इन्जिनियरिङ डिजाइन प्रयोग गरेर बनाएको सडक २५ हजार किलोमिटरको हाराहारी छ । अरू, ७५ हजार किलोमिटर गाउँ-गाउँ जोड्न मात्र बनाइएको सडक सञ्जाल छ ।

वर्षामा सडक चिप्लो हुन्छ, ग्रिप बस्दैन । अर्को कुरा, हाम्रो अधिकांश सडक पहाडी भूभागमा छ । वर्षामा सडकमा हिलो खस्छ, पहिरो जान्छ । खोला किनारमा भएका सडकमा खोला पस्छ, पानीले सडक बिगारेर दुर्घटना हुन्छ । सडकभन्दा माथिबाट खस्ने माटोका कारण बाटो चिप्लो हुन्छ । चिप्लो बाटोका कारण त्यसै दुर्घटनाको जोखिम बढिहाल्यो । पिच रोडमा पनि खाल्डाखुल्डी धेरै छन् । अनि, वर्षायाममा पर्ने पानीले खाल्डो भरिँदा सवारी खाल्डोमा पर्छ र दुर्घटना हुन्छ । वर्षामा भिजिबिलिटी कम हुन्छ । गाडीमा बाफ आउँछ, त्यसलाई राम्रोसँग कसरी हटाउने भन्नेबारे चालकहरू जानकार छैनन् । अन्दाजमा गाडी चलाउँदा यसबाट पनि दुर्घटनाको जोखिम बढेको छ । वर्षायाममा खोला ठुलो हुन्छ, सवारी पल्टेर खोलामा खस्दा सबैजसो यात्रुको मृत्यु हुन्छ ।

### *असुरक्षित सडक, चालकलाई 'दोष'*

चालकको लापरवाही र तीव्र गतिको कारण दुर्घटना भएको भनेर दुर्घटनापछि अवैज्ञानिक तर्क गर्ने गरिएको छ । चालकको हातमा स्टेरिङ हुन्छ भन्दैमा खाल्डो देखेनौ ? ओभर स्पिड चलाउनु हुँदैन भनेर थाहा थिएन ? भनेर भन्न पाइयो तर, त्यो कुरा होइन ।

सुरक्षित सडकमा ठुलो गल्ती हुँदा पनि दुर्घटना कम हुन्छ । तर, खराब सडक पूर्वाधारमा सानो गल्तीबाट पनि ठुलो क्षति हुन्छ । स्विडेनले एउटा रणनीति सुरु गऱ्यो 'जिरो भिजन' भनेर । संसद्बाट पास गरेर उसले के भन्यो भने, मानिस भनेको मानिस हो, सवारी भनेको यन्त्र हो । दुवैबाट गल्ती हुन सक्छ । त्यसैले यस्तो खालको पूर्वाधारमा लगानी गरौँ जसले सवारीको र मानिसको गल्तीलाई समेत सुधारेर क्षति कम गर्न सक्छ । आज विश्वको नम्बर एक सडक सुरक्षा भएको देश बनेको छ, स्विडेन ।

यो उदाहरणबाट काफी छ कि दुर्घटनाको मुख्य कारण सडक नै हो । हामीले सडक चाहिँ सुरक्षित बनाउन सकेनौँ । हाम्रोमा पूर्ण रूपमा सुरक्षित सडक एक किलोमिटर पनि छैन ।

पूर्ण सुरक्षित सडक बनाउन लगानी चाहिन्छ । हाम्रो हाइवेमा दायाँपट्टि चिया पकाउने अनि, चिया बेच्न बायाँपट्टि लैजाने चलन छ । त्यस्तो पनि राजमार्ग हुन्छ? अनि, राजमार्गमा खसी-बाख्रा हिँडेका छन् । कुखुरा छोडिदिने चलन छ । राजमार्गमा जनावरले दुर्घटना गराइरहेका छन् । गाईवस्तु चराउन जाने मान्छेले दुर्घटना गराएका छन् । चिया यता पकाएर उता लग्नेले दुर्घटना गराएका छन् ।

त्यसमा वैज्ञानिक ढङ्गको राजमार्ग बनाउने पद्धति लागू गर्नुपर्छ । अहिले तयार भएको १ लाख किलोमिटर सडकलाई मजबुत र सुरक्षित बनाउन लगानी गर्नुपर्छ ।

अहिले पनि कतिपय सडक ज्यानमारा छन् । वर्षामा त्यहाँ सवारी हिँडाउन हुँदैन भन्ने थाहा छ । त्यस्ता सडक तत्काल बन्द गर्नुपर्छ । तर, हामी गर्दैनौँ । पूर्वी नवलपरासीको विनयी खोलामा डाइभर्सन बनाएर गाडी चलाइएको छ । पूर्व-पश्चिम राजमार्ग, नेपालको सबभन्दा पुरानो राजमार्गमा खोलाको बाटोबाट गाडी हिँडाइराखिएको छ । अब, त्यो सुरक्षित छैन भने त त्यो त बन्द गर्दिनुपऱ्यो नि । त्यसरी खोलामा गाडी हालेर जनताको सुरक्षामा त खेलबाड गर्न पाइएन नि । त्यो कसको कमजोरी हो त ? त्यो चालकको कमजोरी हो वा गाडीधनीको कमजोरी?

सडक त्यस्ता छन्, अनि हामी चालकलाई दोष दिएर बस्छौँ । हुन त चालकले किन गाडी हाल्यो भन्ने प्रश्न होला । चालकको पेसा हो, जागिर हो, साहुले भोलि जागिरबाट हटाउला भन्ने हुन्छ । रोजगारीको ग्यारेन्टी भएमा पनि उसले त्यसरी जोखिम मोलेर अप्ठ्यारो बाटोमा गाडी हाल्ने अवस्था आउने थिएन ।

पिच रोड मात्र सडक होइन । हाम्रोमा माथिबाट ढुङ्गा खसेर पनि दुर्घटना हुन सक्ने हुनाले भिर भएको ठाउँमा रिटेन्सन वाल हुनुपर्छ । पहाडको बिचबाट बनेका सडकमा भूगर्भीय जोखिम अध्ययन गरेर तल्लो भाग र माथिल्लो भाग दुवैतिर सुरक्षात्मक उपाय र गाडी खस्नबाट रोक्न रोड सेफ्टी ब्यारियर लगाउनुपर्छ । त्यही भएर मैले भनेको हाम्रो सडक १ किलोमिटर पनि पूर्ण रूपमा सुरक्षित छैन ।

नयाँ बानेश्वरको सडकमा त बिचमा डिभाइडर छैन । सर्भिस लेनमा डिभाइडर हालेर बिचमा लाइन मात्रै कोरिएको छ । क्रसिङ जताबाट पनि आउजाउ गर्न मिल्छ अनि, ट्राफिक लाइट बल्दैन । उपत्यकामा बिस्तारै पूर्वाधार सुधार गरेर आकासे पुल, जेब्रा क्रसिङ र ट्राफिक लाइट बनाउन थालिएको छ । ट्राफिक लाइट र जेब्रा क्रसिङ राखेपछि दुर्घटना घट्दै गएको छ । तैपनि रातको समय, बिहान र अफ टाइममा तीव्र गतिको कारण धेरै दुर्घटना भइरहेको हुन्छ ।

### *स्पिड लिमिटको विज्ञान*

धेरै दुर्घटनाको कारणमा प्रहरीले 'तीव्र गति' भन्ने गरेको छ । तर, हामीले स्पिड लिमिटको विज्ञान बुझ्नुपर्छ । ट्राफिक इन्जिनियरिङ पढ्दाखेरि स्पिड लिमिट हरेक सडकमा तोक्ने फर्मुला छ । हरेक सडकको डिजाइन स्पिड हुन्छ । कुन डिजाइन स्पिडमा सडक बनाइएको हो, त्यसको क्रसिङ कति छ, कति लेनको सडक हो, त्यहाँ कति सवारी गुड्छ, ट्राफिक लाइट छ कि छैन, क्यामेराहरू छन् कि छैनन्? मौसम, खाल्डाखुल्डी र अवरोधहरू हेरेर वैज्ञानिक स्पिड लिमिट तोकिन्छ । जस्तै, विकसित देशमा जानुभयो भने घाम लाग्दा त्यहीँ ८० किलोमिटर पर आवर भनेको हुन्छ, पानी पऱ्यो भने ४० किलोमिटर पर आवरमा आफैँ परिवर्तन हुन्छ, डिजिटल बोर्डमा देखिन्छ । हाम्रोमा स्ट्याटिक बोर्ड छ, सधैँ त्यही राखिन्छ । जर्मनमा अति तीव्र गतिमा चलाउन सकिन्छ, सडक नै त्यसरी डिजाइन गरिएको हुन्छ ।

हाम्रोमा स्पिड लिमिटको बारेमा राज्यका निकायले अहिलेसम्म यस्तो हो भनेको छैन । रिङरोड ८ लेनको बनाएर स्पिड लिमिट ५० तोकिएको छ । ५० मात्रै चलाउन पाउने भए सडक किन ८ लेनको बनाएको भनेर ६० प्रतिशत सडक प्रयोगकर्ताले भन्ने गरेका छन् । त्यो किनभने बुझाउन सकिएको छैन ।

सडक अनुशासन पालना पनि एकदमै छैन । अँध्यारोमा मेरो स्पिड आफैँ कम गर्छु भन्ने सोच चालकमा आउनुपर्छ । अर्को दुर्घटना हुने कारण 'म जान्ने छु' भनेर ठुलो सवारीले सानोलाई र सवारी साधनले पैदलयात्रुलाई पेलेर सडक प्रयोग गरिन्छ । सडक भनेको त सार्वजनिक थलो हो नि?

अनुशासनले दुर्घटना कम गर्छ भन्नेमा कुनै शङ्का छैन । तर, अनुशासनले नै दुर्घटना जिरोमा ल्याउन सकिँदैन । अनुशासनले स्पिडलाई कन्ट्रोल गर्छ, एक-अर्कालाई चाहिँ रेस्पेक्ट गर्छ, बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गर्छ, फुटपाथ प्रयोग गर्छ, आकासे पुल प्रयोग गर्छ, जेब्रा क्रसिङमा सवारी रोकेर चाहिँ पैदलयात्रीलाई हिँड्न दिन्छ । अनुशासित चालकले जहाँ पायो त्यहीँबाट गाडी मोड्दैन । अनुशासनले दुर्घटनामा कमी ल्याउँछ तर, अब हामीले खोजेको सडक सुरक्षा चाहिँ त्यसले गराउन सक्दैन । किनभने, हामीसँग सडक र सवारीसाधन नै कमजोर छन् ।

### *सचेतनाका लागि संयन्त्र*

अहिले ट्राफिक प्रहरीले चाहिनेभन्दा बढी काम गरिरहेको छ । उसको काम कारबाही गर्ने मात्रै हो । तर, सचेतनाको काम पनि ट्राफिक प्रहरीले गर्दै आएको छ । सरकारले ट्राफिक सचेतनाका लागि छुट्टै संयन्त्र बनाउनु आवश्यक छ ।

३ करोड जनसङ्ख्यालाई ट्राफिक सचेतना दिने भन्ने विषय सानो विषय होइन । अनि, प्रविधिमैत्री पनि हुनुपऱ्यो । त्यहाँ त ट्राफिक लाइट पूर्ण रूपमा स्वचालित हुने हो भने, कन्ट्रोल रुमबाट हेरेर ट्राफिक व्यवस्थापन गर्न सकिन्छ । प्रविधिले गल्ती औँल्याएर गर्ने कारबाही इफेक्टिभ र जनताले पत्याउने खाले पनि हुन्छ ।

हाम्रोमा सडक सुरक्षा हेर्ने डेडिकेटेड निकाय नै भएन । यातायात व्यवस्था विभागले नवीकरण गर्ने, प्रदूषण चेक गर्ने र लाइसेन्स दिने काम मात्रै गर्छ । सडक सुरक्षा सिस्टमको कुरा हो ।

दुर्घटना न्यूनीकरण गर्न इन्स्टिच्युसनल ब्याकअप चाहिन्छ । चौबिसै घण्टा सडक सुरक्षा हेर्ने निकाय आवश्यक छ । त्यो भनेको सडक सुरक्षा परिषद् हो । अब, यसको ऐन पनि अहिले ड्राफ्ट भएको छ तर, मन्त्रालयमा थन्केर बसेको छ । पास हुन सकेको छैन ।

प्रतिनिधिसभामा २७५ जना सांसद छन्, उनीहरूलाई केही चासो छैन । उनीहरूलाई अहिले यो ऐन कहाँ छ पनि थाहा छैन । हरेक दिन मान्छे मरेको थाहा छ, सांसदहरू श्रद्धाञ्जली दिन जान्छन् तर, जवाफदेहिता छैन ।

सडक दुर्घटनालाई राज्यले महत्त्व दिएको छैन । सुधारको आवश्यकता छ । दुर्घटनामा परेर घाइते भएकाहरू र उनीहरूको परिवारको स्थिति झन् दर्दनाक छ । त्यसको सामाजिक भ्यालु, त्यसको आर्थिक पाटो त सोच्नसाध्य छैन । घाइतेहरूको व्यवस्थापनको पाटो त हामीले हेरेकै छैनौँ । कहालीलाग्दो छ ।

काठमाडौँ भ्यालीमै धेरै दुर्घटना हुन्छ । राजधानीको सडकमा हरेक दिन यात्रु र पैदलयात्रीले ज्यान गुमाउँछन् । अब हेर्नु न, जेब्रा क्रसिङ ओरालोमा लगेर राखिएको छ । स्पिडमा आएको गाडी त ओरालोमा रोकिनै सक्दैन । अनि, मोडहरू हेर्नुस्, जहाँबाट पनि छिर्ने ठाउँहरू छन् । राजधानीमा ट्राफिक लाइट बल्दैन । जताबाट पनि बाटो काट्न मिल्छ, कारबाही छैन, जनचेतना छैन । हिँड्नलाई चाहिँ व्यवस्थित फुटपाथ छैन । साइकल चलाउन साइकल लेन सुरक्षित छैन । त्यसै भएर दुर्घटना बढेको छ ।

*(सडक सुरक्षासम्बन्धी जानकार गजुरेलसँग राजेश भण्डारीले गरेको कुराकानीमा आधारित)*

# कर्णाली करिडोरलाई चीन र भारतसँगको व्यापारिक मार्गका रुपमा अघि बढाइने: प्रधानमन्त्री ओली

हुम्ला, २२ असार: प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली करिडोरलाई चीन र भारतसँगको व्यापारिक मार्गका रुपमा अघि बढाइने बताउनुभएको छ । उहाँले कर्णाली करिडोर कर्णाली र हुम्लावासीको मात्र नभई दुई छिमेकी देशसँगको व्यापाररिक मार्ग भएकाले यसलाई तत्काल दुई लेनको बनाइनुका साथै कालोपत्र गर्दैलैजाने बताउनुभयो ।



प्रधानमन्त्री ओलीले खार्पुनाथ गाउँपालिका-५ चुवाखोलामा आज एक समारोहबीच बेलिब्रिजको उद्घाटन गर्दै कर्णाली करिडोरअन्तर्गत पर्ने चुवाखोलामा छिट्टै पक्की पुल निर्माण गरिने बताउनुभयो । उहाँले हुम्ला सदरमुकाम सिमकोट औपचारिक रुपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएकामा खुशी व्यक्त गर्नुभयो ।

हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग तथा त्रिदेशीय सीमासँग जोड्न बेलिब्रिज निर्माण गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यहाँ निर्माणाधिन पक्कीपुललाई निरन्तरता दिएर हुम्लालाई मात्र नभएर देशलाई समृद्धिको बाटोतर्फ डोर्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । अप्ठयारो ठाउँमा ढलान गरेर भए पनि सडक स्तरोन्नति गर्दैलैजाने उहाँको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले छिमेकी मुलुक चीनसँग जोडिएको हिल्सा नाकामा क्वारेन्टाइन निर्माण गरिने प्रतिवद्धता जनाउनुभयो । उहाँले यहाँ व्यापार व्यवसायको ठूलो सम्भावना भएको उल्लेख गर्दै छिमेकी मुलुकसँग व्यापार व्यवसाय गर्न पनि क्वारेन्टाइन तत्काल स्थापना गर्न आवश्यक भएको बताउनुभयो ।

हुम्लालाई सडक सञ्जालसँग जोड्न नेपाली सेनाले गत वर्ष चैत १० गतेदेखि चुवाखोलामा बेलिब्रिज जडान गर्न सुरु गरेको थियो । उक्त बेलिब्रिजको उद्घाटन गर्न प्रधानमन्त्री ओली नेपाली सेनाको हेलिकप्टरमा आज काठमाडौँबाट सुर्खेत हुँदै खार्पुनाथ पुग्नुभएको हो । उहाँ यहाँ आइपुग्नुहुँदा स्थानीयले बाँजागाँजासहित स्वागत गरेका थिए । प्रधानमन्त्री ओलीका साथमा रक्षामन्त्री मानवीर राई, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, नेकपा (एमाले) का उपमहासिचव प्रदीप ज्ञवाली, कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशी, मुख्यमन्त्री यामलाल कँडेल, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मालगायत हुम्ला पुग्नुभएको थियो । कर्णाली करिडोर निर्माण आरम्भ भएको २६ वर्षपछि हुम्ला सदरमुकाम सिमकोट औपचारिक रूपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ ।

सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको कर्णाली कोरिडोरअन्तर्गत खार्पुनाथ-५ चुवाखोलामा यही असार १० गते नै बेलिब्रिज निर्माण सम्पन्न गरिएको नेपाली सेनाले जनाएको छ । यसले कर्णालीलाई उत्तर र दक्षिण अन्तरदेशीय सडक सञ्जालसँग जोड्ने छ । रासस

# रौतहटमा लागुऔषध सहित दुई युवा पक्राउ




दैनिक समाचारदाता
रौटहट, २२ असार । सशस्त्र प्रहरी बल नेपालले लागुऔषधको कारोबारमा संलग्न दुई युवालाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं गणपति सन्तोषकुमार बस्नेतले बारा जिल्ला निजगढ नगरपालिका-८ का नवबहादुर वाइबा र दावा योञ्जनलाई लागुऔषधसहित पक्राउ गरेको जानकारी दिनुभयो । उहाँका अनुसार ट्रमोल ३०० थान, निट्राजेपाम ट्याब्लेट १४० थान र नेटजेटकेयर पाँच थान लागुऔषधसहित उनीहरूलाई रौतहटको गजुरामुखीबाट पक्राउ गरिएको हो । लागुऔषधसहित उनीहरूलाई इलाका प्रहरी कार्यालय लक्ष्मीनियाँ, विजयपुरमा बुझाएको गणपति बस्नेतले जानकारी दिनुभयो ।

सीमासुरक्षाको जिम्मेवारी पाएको सशस्त्र प्रहरी बलले रौतहट जिल्लाको सिमाना पारी रहेका भारतीय बजारबाट लुकिछिपी हुने लागुपदार्थसहित सबै किसिमका अवैधधन्धाको न्यूनीकरण तथा नियन्त्रणका लागि सक्रियताका साथ योजनाबद्ध ढङ्बाट काम गरिहेको बताउनुभयो ।

# चार हजार ८३० भेपसहित युवा पक्राउ

दैनिक समाचारदाता
काठमाडौँ, २२ असार । चार



हजार ८३० वटा विद्युतीय चुरोट (भेप) सहित एक युवा पक्राउ परेको छ । काभ्रेपलान्चोकको पनौती-११, घर भई हाल भक्तपुर मध्यपुर थिमि-१, लोकन्थली बस्ने २८ वर्षीय विशाल तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

बा. ९ च. ८७३४ नम्बरको मारुती सुजकी भ्यानमा बोकेर ल्याउँदै गरेको अवस्थामा उनलाई भेप सहित पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उनलाई राजस्व छली सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग पठाइएको उहाँले जानकारी दिनुभयो ।

# प्रधानाध्यापकसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता
काठमाडौँ, २२ असार । अन्नपूर्ण माध्यामिक विद्यालय, डोल्पाका प्रधानाध्यापक नरदेव रोकायासहित १४ जनाविरुद्ध २९ लाख ६० हजार ६९२ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार प्रधानाध्यापक रोकाया समेतको मिलेमतोमा अन्नपूर्ण माध्यामिक विद्यालयको ठेक्का गाउँपालिकाको अध्यक्षको श्रीमती एवम् सोही विद्यालयका शिक्षिकाको नाममा रहेको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई बोलपत्र पारी सार्वजनिक खरिद ऐन नियमावली विपरीत कार्य गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी पुऱ्याएको आरोप लागेको छ।

आर्थिक वर्ष २०७९/८० मा डोल्पाको मुड्केचुला गाउँपालिका वडा नम्बर ७ स्थित अन्नपूर्ण माविको ठेक्का इबीआइडीमार्फत् बोलपत्र आव्हान गरी बोलपत्रको मूल्याङ्कन गरेको, सार्वजनिक खरिद ऐन, नियम तथा शिक्षा ऐन, नियमको मर्म विपरीत सम्बन्धित विद्यालयमै कार्यरत शिक्षिकाको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई छनौट गरेको र बोलपत्र मूल्याङ्कन गर्दा न्यून कबोल अङ्क भ्याट बाहेक ४९ लाख ८३ हजार ३९४ रुपियाँ कबोल गरेको महातारा निर्माण सेवालाई बिना कारण साइट भिजिट नभएको भन्ने आधार लिइ अयोग्य ठहराएको र चौथो नम्बरको कम कबोल अङ्क भ्याट बाहेक ७९ लाख ५१ हजार ७२९ रुपियाँ भएको दिग्दर्शनलाई आफूखुसी छनौट गरेको आयोगले जनाएको छ।

आयोगका अनुसार दिग्दर्शन निर्माण सेवाले भुक्तानी पाएको ७९ लाख ४४ हजार ८७ रुपियाँबाट सबैभन्दा न्यून अङ्क कबोल गर्ने महातारा निर्माण सेवाको ४९ लाख ८३ हजार ३९४ रुपियाँ घटाउँदा हुन आउने फरक रकम २९ लाख ६० हजार ६९२ रुपियाँ बराबरको रकम अन्नपूर्ण माविलाई हानिनोक्सानी पुगेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक बुढा, सहायक शिक्षकद्वय हृदय नारायण साह र जयबहादुर ठकुल्ला, इन्जिनियर देवराज रावत, व्यवस्थापन समितिका पदेन सदस्य तथा मुड्केचुला गाउँपालिका वडा नम्बर ७ का अध्यक्ष दत्तबहादुर बुढा र सदस्य दुर्गा देवी लामा, अशोक रोकाया, कविता बुढा (ठकुल्ला), रुपा रोकाया, पृथि ठकुल्ला, धनबहादुर कामी र नारायणी ठकुल्लाविरुद्ध आरोप लागेको छ ।

विद्यालयका शिक्षिका तथा दर्शन एण्ड दिग्दर्शन निर्माण सेवाका प्रोपाइटर उषा कुमारी सिंह र सो निर्माण सेवालाई समेत सो भ्रष्टाचार मुद्दा दायर भएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजाय हुन मागदाबी लिइ २९ लाख ६० हजार ६९२ रुपियाँ बिगो कायम गरी आइतबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# बजेट............

लागि समेत बजेट विनियोजन गरिएको देखिन्छ," यादवले भने, "मुख्यमन्त्रीकै पिताको नाममा समेत बजेट परेको खबर आएको छ। जबसम्म बिचौलिया हटाइँदैन र बजेटमा समानता सुनिश्चित हुँदैन, तबसम्म बजेट पारित हुन दिइने छैन।"

तीन प्रमुख विपक्षी दलको कडा विरोधपछि सभामुख रामचन्द्र मण्डलले बैठक आधा घण्टाका लागि स्थगित गरेका छन्। विपक्षीको चर्को दबाबपछि अब प्रदेश सरकार र सत्तारूढ दलहरू कसरी अघि बढ्छन् भन्नेमा सबैको चासो केन्द्रित भएको छ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नु
www.esamachardainik.com

## भूमिसुधार तथा मालपोत कार्यालय (भूमिसुधार शाखा) धनुषाबाट जारी भएको म्याद

*जिल्ला धनुषा विसरभोरा गा.वि.स. वडा नं. ९ हाल शहिदनगर न.पा. वडा नं. ८ मा बस्ने राजदेव गोईतको छोरा श्याम प्रसाद गोईत नाउँको म्याद सरहको उपस्थित हुन आउने बारेको ३० (तिस) दिने सार्वजानिक सूचना*

जिल्ला धनुषा विसरभोरा गा.वि.स. वडा नं. ६ हाल शहिदनगर न.पा. वडा नं. ८ मा बस्ने श्याम प्रसाद गोईतको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको मोही जिल्ला धनुषा बिसरभोरा गा.वि.स. वडा नं. ६ हाल शहिदनगर न.पा. वडा नं. ८ मा बस्ने विपतिया पासमानले मोही जग्गा बाँडफाँड दर्ता गर्नु भएको मि.नं. १५४१ डा.मि. २०८२।०१।०७ मुद्दामा कारवाहीको सिलसिलामा जग्गाधनीको नाउँमा म्याद जारी गर्दा निज जग्गाधनीहरूको ठेगानामा म्याद तामेल गर्न जाँदा म्याद तामेल हुन नसकेको व्यहोरा तामेलदारको निवेदन आएको हुँदा प्रतिवादीको नाउँमा म्याद सरहको सूचना जारी गरी पठाउन भनी भूमुसुधार तथा मालपोत कार्यालय धनुषा (भूमिसुधार शाखामा ) मा मिति २०८२/०२/२६ गतेमा भएको आदेशानुसार तपाई जग्गाधनी लाई ३० (तिस) दिन भित्र उपस्थित हुन आउनुहुन मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

म्यादभित्र स(प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | बाँडफाँड माग गरेको विवरण |
|---|---|---|---|---|---|
| धनुषा | विसरभोरा | ६ | ८४९ | ०-२-४-० | ज.ध.लाई आधी जग्गा पश्चिम तर्फ बाट |

*नायब सुब्बा*

# राज्यका हरेक संरचनामा दलितको जनसंख्याको आधारमा सहभागिताको माग

काठमाडौँ, २२ असार: विभिन्न राजनीति दलका नेताले राज्यका सबै संरचनामामा दलित समुदायको जनसङ्ख्याका आधारमा समान सहभागिता हुनुपर्ने माग गरेका छन् ।

राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल (नाडजोन) ले यहाँ आज आयोजना गरेको 'दलित आन्दोलन, समावेशी नीति र आमसञ्चारको भूमिका' विषयक अन्तरसंवादमा उहाँहरुले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका संरचनामा दलित समुदायको उपस्थिति कमजोर रहेको उल्लेख गर्दै जनसङ्ख्याका आधारमा समान सहभागिताको माग गर्नुभएको हो ।

नेपाल समाजबादी पार्टी ( नयाँशक्ति)का उपाध्यक्ष दुर्गा सोबले राज्यका हरेक संरचनामा दलित समुदायको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिनुभयो ।

संविधानसभाका सदस्य तथा (नाडजोन)का अध्यक्ष विनोद पहाडीले संविधानमा राज्यका सबै निकायमा दलितको समानुपातिक सहभागिता हुने भनिए पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकेको गुनासो गर्नुभयो । जनताको सर्वोच्च निकाय सङ्घीय संसद्मा दलित समुदायको सहभागिता घट्दो रहेको उल्लेख गर्दै गएको उहाँको भनाइ छ ।

हाल प्रतिनिधिसभामा दलित समुदायबाट १६ जना अर्थात् पाँच




दशमलव ८१ प्रतिशत प्रतिनिधित्व छ । दलितको जनसङ्ख्या भने १३ प्रतिशत छ । विसं २०६४ सालको संविधानसभामा ५० जना दलित (८.३२ प्रतिशत)को उपस्थिति थियो । विसं २०७० सालको संविधानसभामा ४० जना (६.६५ प्रतिशत) र २०७४ सालमा प्रतिनिधिसभामा २० जना (७.२७ प्रतिशत) रहेको थियो ।

कूल ५९ जना सदस्य भएको राष्ट्रियसभामा आठ जनाको मात्रै सहभागिता छ ।

त्यस अवसरमा पत्रकार बाबुराम विश्वकर्माले सरकारले नेपाल आर्थिक पत्रकार समाज ( सेजन), नेपाल पत्रकार महासङ्घ ( एफऐनजे) र महिला आर्थिक पत्रकार सङ्घलाई रु एकका दरले अनुदान विनियोजन गर्दा नाडजोनलाई किन नदिएको भन्दै प्रश्न गर्नुभयो । यद्यपि सेजनले आधिकारिक रुपमा सरकारले उक्त अनुदान नलिने घोषणा गरिसकेको छ ।

जनता समाजबादी पार्टीको नेत्री तथा संविधानसभाका सदस्य कमला विश्वकर्माले दलित समुदायको संवैधानिक अधिकारलाई व्यवहारिक रूपका कार्यान्वयन गर्नुपर्ने माग गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले एफऐन पूर्ण रूपमा समावेशी रहेको उल्लेख गर्दै थप समावेशी बनाउन पहल गर्ने पतिबद्घता व्यक्त गर्नुभयो । उहाँले दलितको सवालमा आरक्षण लागू भएपछिको अवस्थाको अध्ययन गरेर अगाडि बढ्नुपर्ने आवश्यकता पनि औँल्याउनुभयो ।

पत्रकार तथा दलित अधिकारकर्मी चक्रमान विश्वकर्माले गोरखापत्र संस्थान, राष्ट्रिय सममचार समिति (रासस), रेडियो नेपाल र नेपाल टेलिभिजनलगायत सञ्चारमाध्यमको नीति निर्माण तहमा दलित समुदायको समान सभागिता हुनुपर्ने माग गर्नुभयो ।

संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । मौलिक हकअन्तर्गत धारा ४० दलितको हक (१) मा 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ' भनिएको छ । धारा २४ मा जातीय भेदभाब तथा छुवाछूत अन्त्य गर्ने भनिएको छ ।

दलित मुक्ति मोर्चाका उपाध्यक्ष पदम विश्वकर्माले दलित समुदायको विषयवस्तु र सहभागिताको हिसाबले आमसञ्चारमाध्यम समावेशी बन्नुपर्ने माग गर्नुभयो । दलित अधिकारकर्मी भक्त विश्वकर्माले वडादेखि सङ्घीय सरकार, संवैधानिक निकायलगायत राज्यका सबै संरचनामा दलितलगायत उत्पीडित समुदायको भौतिक सहभागिताका लागि आमसञ्चारको महत्वपूर्ण भूमिका हुने बताउनुभयो ।

दलित अधिकारकर्मी पम्फा परियार, सञ्जु विश्वकर्मा, सरोज दिलु विश्वकर्मा, कमला परियार, जन पत्रकार सङ्गठनका अध्यक्ष शेरबहादुर बिसी, पत्रकार वीरेन्द्र ओलि र केशव अर्यालले अधिकारको निम्ति दलित समुदायको एकीकृत रूपमा सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । रासस

# मधेशमा बालअधिकारका लागि प्रदेशस्तरीय नागरिक सञ्जाल गठन



दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । बालअधिकार संरक्षण, प्रवर्द्धन र सशक्त पैरवीका लागि मधेश प्रदेशमा पहिलोपटक १३ सदस्यीय प्रदेशस्तरीय नागरिक समाज संस्था सञ्जाल गठन गरिएको छ।

सञ्जाल असार ५ गते बर्दिबासमा सेभ द चिल्ड्रेनको सहयोगमा सम्पन्न भेलाबाट गठन गरिएको हो। सञ्जालमा इन्सेक मधेश, सबल नेपाल, मुक्ति नेपाल, जागृति महिला विकास केन्द्रलगायत १३ संस्थाहरूको प्रतिनिधित्व रहेको छ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानका अनुसार, सञ्जालले बालविवाह, बालश्रम, विद्यालय छोडाइ, यौन दुर्व्यवहार लगायत बालअधिकारसम्बन्धी चुनौतीहरूको समाधानका लागि सहकार्य र सशक्त पैरवी गर्नेछ।

भेलाले 'सञ्जाल कार्य सञ्चालन निर्देशिका २०८२' अनुमोदन गर्दै एक वर्षे कार्ययोजना समेत तय गरेको छ।

सञ्जालले नीति निर्माणदेखि लागू प्रक्रियाको निगरानीसम्म सक्रिय भई, बालमैत्री सामाजिक वातावरण निर्माणमा योगदान पुऱ्याउने जनाएको छ। साथै, यसले नीति निर्माण, जनचेतना अभिवृद्धि, प्राविधिक सहयोग, बाल सहभागिता प्रवर्द्धन तथा अधिकार उल्लङ्घनको अनुगमनमा विशेष ध्यान दिनेछ।




# विकास विरोधी मानसिकताले ग्रसित छन् नेता निधि : रघुवीर महासेठ

दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । नेकपा एमालेका सचिव तथा पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठले नेपाली कांग्रेसका पूर्व उपसभापति तथा पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिमाथि कडा आरोप लगाएका छन्।

नेता निधिले राजर्षि जनक विश्वविद्यालयको प्रशासनिक भवन निर्माण सम्बन्धमा नेता महासेठमाथि आरोप लगाउँदै हिजो पत्रकार सम्मेलन गरेका थिए। त्यसको जवाफस्वरूप आज जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा महासेठले निधिलाई "विकास विरोधी मानसिकताले ग्रसित" रहेको भन्दै आलोचना गरे।

महासेठले भने, "जनकपुरधामको फोहोरमैला व्यवस्थापन हुन नसकेकोदेखि लिएर, दुर्गानन्द झाजस्ता ऐतिहासिक पात्रहरूको योगदानको उपेक्षा गर्ने व्यक्ति विमलेन्द्र निधि हुन्।" उनले जनकपुरधामको गंगासागर डिलमा स्वर्गीय रामनारायण मिश्रको स्मृति भवन बनाउन खोज्दा विरोध गर्ने, जटहीमा बन्न लागेको दुर्गानन्द झाको स्मृति भवन रोकिने जस्ता घटनामा निधिको संलग्नता रहेको आरोप लगाए।

उनले निधिमाथि आरोप लगाउँदै थपे, "रामनारायण मिश्र जुन पार्टीका भए पनि मुलुक र जनकपुरधामको लागि उहाँको योगदान



अविस्मरणीय छ। स्मृति भवन एक कट्ठामा बनाउनु हुँदैन भनेर विरोध गर्नु विकास विरोधी सोचको परिचायक हो।" उनले जनकपुरधाममा बनेको महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक भवनझैं मिश्रको स्मृति भवन पनि बन्नुपर्ने तर्क गरे।

महासेठले निधिका कारण प्रजातान्त्रिक आन्दोलनका वीर शहीद दुर्गानन्द झाको शालिक समेत नबन्न सकिएको आरोप लगाए।

"नेता निधिले आफ्नो परिवार बाहेक अरू कसैको कद उँचो नहोस् भन्ने सोचले अनेक अवरोध सृजना गर्दै आएका छन्," उनले आरोप लगाए।

राजर्षि जनक विश्वविद्यालयको प्रशासनिक भवनबारे निधिले दिएको अभिव्यक्तिलाई "व्यक्तिगत स्वार्थप्रेरित" बताउँदै महासेठले विश्वविद्यालय निधिले ल्याएको नभएको दाबी गरे। "राजर्षि जनक विश्वविद्यालय सम्पूर्ण मिथिला र मधेशबासीको परिकल्पना हो। यसको भवन मनियारीमा बनोस् वा अन्यत्र, तर बन्नै पर्छ," उनले भने।

महासेठले निधिलाई मित्रको रूपमा सम्मान गर्ने उल्लेख गर्दै भने, "तर पछिल्लो समय उहाँका अभिव्यक्तिहरू गैर-राजनीतिक र पूर्वाग्रही देखिन्छन्। उहाँ विकास निर्माणको काममा अवरोध गर्नुबाहेक कुनै सकारात्मक भूमिका निर्वाह गरिरहनु भएको छैन।"

यसअघि नेता निधिले पत्रकार सम्मेलनमार्फत राजर्षि जनक विश्वविद्यालयको प्रशासनिक भवन मनियारीबाट अन्यत्र सार्ने प्रयास भएको आरोप लगाएका थिए, जसको खण्डन गर्दै महासेठले आफूले त्यस्तो कुनै प्रयास नगरेको स्पष्ट पारे।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४